Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोनः 033-520605

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

## सिरहा

### सार्वजनिक, निजी साझेदारी मोडेलमा कस्टम हायरीङ्ग सेन्टर स्थापनाको लागि प्रस्ताव आवह्यनको सूचना ।

**प्रथम पटक प्रकाशन मितिः- २०८२।०६।२६ गते**

यस कृषि ज्ञान केन्द्र सिरहाको आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **सार्वजनिक, निजी साझेदारि मोडेलमा कस्टम हायरीङ्ग सेन्टर स्थापनाको** लागि कस्टम हायरिङ्ग सेन्टर स्थापना तथा संचालन कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८१ ले तोके बमोजिमका शर्तहरुको अधिनमा रही इच्छुक स्थानिय तह/सहकारी संस्था/कृषि जन्य उद्योगहरुले सूचना प्रकाशन भएको मितिले ३० औं दिन भित्र (मिति २०८२/०७/२४ गते सम्म) तोकिएको ढाँचामा आवश्यक कागजातहरु संलग्न राखी आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित्त नपुगेका र म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ । आवेदनको ढाँचा यस कार्यालयको वेवसाईट akcsiraha.p2.gov.np बाट प्राप्त गर्न सकिन्छ ।

<u>आवश्यक कागजातहरुः</u>

- कृषि ज्ञान केन्द्रले तोकेको ढाँचामा पूर्ण विवरण भरी रु.१०। को टिकट टाँस गरी निबेदन दिनु पर्नेछ।
- सहकारी संस्थाको हकमा संचालक समितिको निर्णय, पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी, पान नं., संस्था दर्ता, लेखा परिक्षण तथा कर चुक्ता (पछिल्लो २ आ.व. सम्मको), आ.व.२०८१/०८२ को कर चुक्ता नभएको हकमा आ.व.२०८०/०८१ को कर चुक्ता र कर बुझाउने म्याद थप भएको प्रमाण-पत्र, प्रस्ताव माँग गर्ने सम्वन्धि संचालक समितिको निर्णयहरुको स्व-प्रमाणित प्रतिलिपीहरु प्रस्ताव पेश गर्ने अधिकारीक ब्यक्तिको नाममा अख्तियारीपत्र तथा अख्तियारी प्राप्त प्रतिनिधिको नागरिक्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ।
- कृषि उद्योगको हकमा दर्ता र नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्वर लिएको प्रमाण पत्रको प्रतिलिपि, आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी तथा अख्तियारी पत्र र अनुदान माग गर्ने सम्वन्धमा गरेको निर्णयहरुको स्व-प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।
- पदाधिकारीहरुको हालसाल खिचेको प्रष्ट फोटो र तिन पुस्ते विवरण सहितको सम्पर्क नम्वर पेश गर्नु पर्नेछ।
- स्थानिय तहको हकमा लागत साझेदारीमा कस्टम हायरिङ्ग सेन्टर स्थापना गर्न बजेट बिनियोजन गरेका वा गर्न प्रतिवद्ध रहेका पालिकाले अनुदान माँगको लागि अधिकारीक निर्णयको प्रतिलिपी र कार्यालयको पत्र पेश गर्नु पर्नेछ।
- कस्टम हायरिङ्ग सेन्टर स्थापनाको लागि कम्तिमा ५ कठ्ठा आफ्नै स्वामित्व भएको जग्गाधनीको कित्ता नं खुलेको लालपुर्जा हुनु पर्नेछ ।सो नभएमा कम्तिमा १५ वर्ष अवधिका लागि प्रचलित कानुन बमोजिम भाडामा लिएको आधिकारिक भाडाका कागजपत्रहरु, जग्गाधनीको कित्ता नं खुलेको लालपुर्जा र सामान्य नक्शा पेश गर्नु पर्नेछ।
- कस्टम हायरिङ्ग सेन्टरको संक्षिप्त विवरण सहित प्रस्तावित जग्गामा स्विकृति दिईएको व्यहोरा खुलेको स्थानीय तहको सिफारिस पत्र पेश गर्नु पर्नेछ ।
- कस्टम हायरिङ्ग सेन्टरको लागि चाहिने उपकरणहरुको कृषि ईन्जिनियर वा मेकानिकल ईन्जिनियरबाट तयार गरिएको प्राविधिक स्पेशिफिकेशन र लागत अनुमान पेश गर्नु पर्नेछ।
- कस्टम हायरिङ्ग स्थापनाको लागि लगानीको श्रोत खुलेको कागजात पेश गर्नु पर्नेछ।

<u>अनुदानका शर्तहरुः</u>

- सहकारी संस्था/कृषि जन्य उद्योगको हकमा प्रचलित कानुन अनुसार दर्ता भई कृषकहरुबाट वाली उत्पादन गराई खरिद कार्य गरी रहेको सहकारी संस्था वा उत्पादन गराई खरिद गर्ने फर्म, उद्योग, कम्पनी।
- कस्टम हायरिङ्ग सेन्टर स्थापनाको लागि कृषकहरुलाई सकभर पायक पर्ने स्थानमा हुनु पर्ने तथा आवश्यक घर/टहरा र जग्गा सम्वन्धित प्रस्तावकले उपलब्ध गराउनु पर्नेछ।
- कस्टम हायरिङ्ग सेन्टर स्थापना हुने ठाउँबाट सेवा सुविधा प्रयोग हुने स्थानसम्म यन्त्र, उपकरणहरुको सहज आवागमन हुन सक्ने अवस्था हुनुपर्नेछ।

Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोनः 033-520605

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

## सिरहा

- विद्युतको उपलब्धता भएको वा हुन सक्ने हुनु पर्नेछ।
- कष्टम हायरिङ्ग सेन्टर निर्माणको लागि लागत अनुमानमा साझेदारी अंश न्यूनतम ५०% हुनुपर्नेछ।
- यस कार्यक्रम अन्तर्गत स्वीकृत वजेट र कार्यक्रम संचालन कार्यविधि परिमार्जन/संशोधन भए अनुसार थप/घट हुनेछ।
- प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सुचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

थप जानकारीको लागि यस कार्यालयका वागवानी विकास अधिकृत श्री किरन विश्वकर्मा मो.नं.९८५२८८०५०१ वा वाली विकास अधिकृत ९८६०९३७४६५ मा सम्पर्क गर्न सकिन्छ।

..........................
नरेन्द्र कुमार महासेठ
प्रमुख

नरेन्द्र कुमार महासेठ
प्रमुख
दशौं तह